स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.), रौतहट
मधेश प्रदेश, नेपाल

## घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना ।

तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/३० गते

यस फतुवा विजयपुर नगरपालिका नगरकार्यपालिका कार्यालयको दैनिक सेवा प्रवाहको क्रममा साविकमा रहेको शाखाहरु अत्यन्त साघुरो भई सेवा प्रवाहमा समस्या भएकोले घर भाडामा लिनु पर्ने भएको हुँदा देहायको चाल किल्ला एवंम संरचना भएको घर भाडामा लगाउन ईच्छुक घरधनिहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र आफुले भाडामा दिन चाहेको घरको बिवरण समेत शिलबन्दी निवेदन यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

देहाय

१. फतुवा विजयपुर नगरपालिकाको बिजयपुर बजार देखि चौतर्फी ५०० मि. परसम्म ।
२. कम्तिमा १२ ओटा ११×११ साइजको कोठा वा सो भन्दा बढी भएको र १ ओटा किचन भएको ।
३. कम्तीमा ४ वटा चार पाङग्रे सवारी साधन, कर्मचारी तथा सेवाग्राहिको सवारी साधन पार्किङ्ग गर्ने सुविधा भएको ।
४. शौचालय, पानीको व्यवस्था भएको र नियमित बिजुली उपलब्धताको सुबिधा भएको ।

निवेदन साथ पेश गर्नु पर्ने कागजात र बिवरण ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।
३. कि.नं. स्पष्ट देखिने नापी नक्शा ।
४. सम्पतिकर तिरेको रसिद ।
५. घर नक्शापास प्रमाणपत्रको प्रतिलिपि ।
६. घरधनीले घरको बिस्तृत विवरण समेत घरभाडा दररेट प्रस्ताव ।

कमल प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत